नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## लमजुङ

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा

पत्र संख्याः २०८०/०८१
च.नः- प्रशासन/ ३३५३

मितिः २०८०/१२/२७

विषयः परिपत्र ।

श्री जिल्लास्थित सम्पुर्ण सरकारी कार्यालय,
श्री स्थानीय तह सवै,
श्री जिल्लास्थित सम्पुर्ण जलविद्युत आयोजनाहरु,
श्री जिल्लास्थित सम्पुर्ण गैर-सरकारी संस्थाहरु,
लमजुङ ।

प्रस्तुत सम्बन्धमा लमजुङ जिल्लामा सार्वजनिक पदाधिकारीहरुसँगको औपचारिक/अनौपचारिक भेटघाटमा संलग्न व्यक्ति/ निकायहरुले मदिरालगायत महँगा उपहारहरु लिने तथा दिने गरेको गुनासो प्राप्त हुन आएको छ। आफू वहाल रहेको पद अनुसार सम्पादन गर्नुपर्ने कुनै कामको लागि कुनै राष्ट्रसेवक वा परिवारको कुनै सदस्य वा अरु कसैद्धारा कुनै प्रकारका उपहार, कोसेली वा कुनै किसिमको लाभ स्वीकार गर्ने कार्य भ्रष्ट्रचार निवारण ऐन, २०५९ अनुसार दण्डनीय भएकोले सो विपरीतका कुनै पनि गतिविधिमा संलग्न नहुन सवैमा अनुरोध गरिन्छ। पदीय दायित्वसँग सम्बन्धित विषयमा कार्यालय परिसरभित्र वा बाहिर यस्ता गतिविधिमा संलग्न हुनु आचारसंहिता विपरितको कार्य समेत भएकोले यस्तो गतिविधिहरुमा संलग्न भए गरेको पाइएमा कानूनबमोजिम कारवाही हुने व्यहोरा समेत निर्देशानुसार सबैमा सूचित गरिएको छ।

१२/२६

गोर्कण राज सुयल
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सम्बतः ११४४ चौलाथ्व, १ मंगलबार